नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# राजस्व अनुसन्धान विभाग
हरिहरभवन, पुल्चोक, ललितपुर

## प्रेस विज्ञप्ती

१. **झुट्टा तथा नक्कली मू.अ.कर विजक प्रयोग गरी राजस्व छलि गर्ने बारा जिल्ला विश्रामपुर वडा नं.-५ वस्ने शुलभ ट्रेड कन्सर्न (स्था.ले.नं. ६००३८५१७०) का प्रोप्राईटर अमिरी ठाकुरबाट रु. ६,५२,१३,७२६।- (अक्षरुपी छ करोड वाउन्न लाख तेह्र हजार सात सय छब्बिस रुपैंया मात्र) विगो असुल गरी जरिवाना र कैद सजाय मागदावी लिई मिति २०७७।१०।०४ गते श्री उच्च अदालत पाटनमा मुद्दा दायर गरिएको।**

**शुलभ ट्रेड कन्सर्न (स्था.ले.नं. ६००३८५१७०)** ले वस्तु तथा सेवा खरिद नै नगरी झुठ्ठा तथा नक्कली बिक्री बीजक जारी गरी आ.व. **२०६८/०६९ देखि २०७३/०७४** सम्ममा मू.अ.कर तथा आयकर राजस्व चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित गरेको कार्य गरी ऐ.ऐनको दफा ४ को (क),(ख),(ग),(घ) र (झ) बमोजिम कसुर गरी **मु.अ.कर तर्फ रु. २,१५,८८,२०३।- र आयकर तर्फ रु. ४,३६,२५,५२३।-** राजस्व चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम कूल जम्मा **विगो रु. ६,५२,१३,७२६।- (अक्षरुपी छ करोड वाउन्न लाख तेह्र हजार सात सय छब्बिस रुपैंया मात्र)** कायम गरी प्राप्त सबै सवुद प्रमाणबाट राजस्व चुहावट गरेको कसुर स्थापित हुन आएकोले **शुलभ ट्रेड कन्सर्न (स्था.ले.नं. ६००३८५१७०) का प्रोप्राईटर अमिरी ठाकुरलाई** उल्लिखित कसूर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) र (३) तथा सोही ऐन (पहिलो संशोधन -२०७६)को दफा २३(१), २३(१) को खण्ड (घ) र २३ (४) वमोजिम विगो रकम **६,५२,१३,७२६।-** असुल उपर गरी जरिवाना र कैद सजाय हुन माग दावी लिई मिति २०७७।१०।०४ गते श्री उच्च अदालत पाटन ललितपुरमा मुद्दा दायर गरिएको।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**